फोन:-०८६४४०११०
ईमेल:-rolpadao@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
रोल्पा

प.स.:-२०८०/०८१ (प्र.)
च.नं.:- २८२२

मिति : २०८१/०१/२८
ने.स. ११४४ वछलाथ्व, २ शुक्रबार

विषयः चटयाङ्गबाट बच्न सतर्कता अपनाउने सम्बन्धमा ।

श्री रोल्पा नगरपालिका, लिवाङ, रोल्पा।
श्री गाँउपालिका (सबै), रोल्पा।
श्री जिल्ला प्रहरी कार्यालय, रोल्पा ।

सुनिलस्मृति गाउँपालिकाको कार्यालय
दर्ता नं. २३०८
मिति २०८१/०२/०१
समय

प्रस्तुत विषयमा गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा, सिंहदरबार, काठमाडौंको च.नं. १५५ मिति २०८१।०१।३० गतेको पत्र बमोजिम वर्तमान समयमा देशका विभिन्न स्थानहरूमा चटयाङ्गबाट मानवीय एवं भौतिक क्षति भएको हुँदा सोको न्यूनीकरणका लागि तपसिलका उपायहरु सहितको जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा सन्देश प्रवाह गर्नुहुन अनुरोध छ ।

तपसिलः-

| सतर्कताका उपायहरू | |
|---|---|
| **घरभित्र रहँदाः-** | **घरबाहिर रहँदाः** |
| १. विद्युतीय सामाग्रीहरू जस्तैः टि.भी, कम्प्युटर, फ्रिज, वासिङ्ग मेसिन बन्द गर्ने । | १. आकाशमा विजुली चम्किन र गडयागुडुङ्ग गर्न थालेपछि घरभित्र बस्ने। |
| २. झ्याल ढोका बन्द गरी घरको भित्तादेखि टाढै बस्ने। | २. पक्की घर वा गाडी नजिक छ भने घर वा गाडीभित्र झ्याल ढोका बन्द गरी बस्ने। |
| ३. अत्यावश्यक अवस्थामा बाहेक मोवाइल बा कर्डलेस फोन प्रयोग नगर्ने। | ३. खुल्ला मैदानमा भए दुई घुँडा बीच टाउको लुकाई टुक्रुक बस्ने । |
| ४. घर बाहिर ननिस्कने। | ४. नजिक घर छैन भने तुरुन्तै सुरक्षित स्थानमा ओत लाग्ने तर रूख वा विजुलीको पोलमुनि कहिल्यै नबस्ने। |
| ५. तारसहितको टेलिफोन प्रयोग गरी कुरा नगर्ने। | ५. खेतबारीमा काम नगर्ने। |
| | ६. पौडी खेल्ने, माछा मार्ने, न्याप्टिङ गर्ने जस्ता क्रियाकलाप नगर्ने। |
| | ७. धातुको तारबारको नजिक नवस्ने। |

श्री केन्द्रीय ...
२०८१/०२/०१

-----------------------------
(पदम बहादुर डाँगी)
निमित्त प्रमुख जिल्ला अधिकारी